नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तम्घास, गुल्मी

प.सं. ०७६/०७७
च.नं. ३४६८

मिति : २०७६।१२।२३

**विषय : सूचना पठाइएको ।**

श्री जिल्ला प्रहरी कार्यालय, गुल्मी ।
श्री सशस्त्र प्रहरी बल नेपाल, ३७ नं. हे.क्वा. गुल्म, गुल्मी ।
श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, गुल्मी ।
श्री नगर कार्य पालिकाको कार्यालय सबै, गुल्मी
श्री गाउँ कार्य पालिकाको कार्यालय सबै, गुल्मी

प्रस्तुत विषय यस कार्यालयबाट मिति २०७६।१२।२३ गतेको अत्यन्त जरुरी सूचना पाना-१ आवश्यक कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न राखी पठाइएको बेहोरा आदेशानुसार अनुरोध छ ।

२०७६।१२।२३
(लक्ष्मण पाण्डे)
प्रशासकीय अधिकृत

"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"
फोन नं. ०७९-५२०१३३ (प्र.जि.अ.) ०७९-५२०८३३ फ्याक्स नं.०७९-५२०८४/२४२ E-mail: daogulmi2046@gmail.com
noticeboard 1618079520833 Web : daogulmi.moha.gov.np facebook.com/daogulmi

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तम्घास, गुल्मी

मिति : २०७६।१२।२३

## अत्यन्त जरुरी सूचना

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको सम्भावित जोखिम नियन्त्रणका लागि यस कार्यालयबाट मिति २०७६।१२।१७ गते देखि २०७५।१२।२५ गते राती १२:०० बजे सम्म गुल्मी जिल्लाभर स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम निषेधाज्ञा जारी गरिएको विदितै छ । यस गुल्मी जिल्लामा २०७६ चैत्र महिनामा भारत वा तेस्रो मुलुकबाट आएका आम नागरिकहरु quarantine मा नबसी गाउँ घरमा घुमफिर गर्ने, नेपाल सरकारबाट जारी भएका आदेश तथा निषेधाज्ञा पालना नगर्ने, एक्लै तथा समूह बनाई हिडडुल गर्ने, खेलकुद खेल्ने, प्रभातकालिन र सन्ध्याकालिन घुमफिर गर्ने लगायतका कार्यमा संलग्न भएको पाइएमा यथाशिघ्र सम्बन्धित स्थानीय तहको कार्यालय वा नजिकको सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालय गुल्मीमा जानकारी गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ । साथै त्यस्ता अवाञ्छित क्रियाकलापमा संलग्न व्यक्तिहरुलाई तत्काल नियन्त्रणमा लिई संक्रामक रोग ऐन, २०२० बमोजिम कानूनी कारवाही गरीने बेहोरा समेत जानकारी गराईन्छ ।

(भरतकुमार शर्मा)

प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"

फोन नं. ०७९-५२०१३३ (प्र.जि.अ.) ०७९-५२०८३३ फ्याक्स नं.०७९-५२०२८४/२४२ E-mail: daogulmi2046@gmail.com
noticeboard 1618079520833 Web : daogulmi.moha.gov.np facebook.com/daogulmi